# नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको संस्थापक समूहको शेयर लिलाम बढाबढ प्रक्रियाद्वारा बिक्री गर्न शिलबन्दी बोलपत्र आह्वानको सूचना

**शीलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति: २०८०/११/०८**
**शीलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/१२/१२**

हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेडको स्वामित्वमा रहेका नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको ६,५०,००० कित्ता संस्थापक शेयर प्रति कित्ता न्यूनतम मूल्य रु.२८०।- मा बिक्री गर्न लागेको हुँदा उक्त शेयरहरु खरीद गर्न योग्य इच्छुक नेपाल पुनर्बीमा कम्पनी लिमिटेडका विद्यमान संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन अर्थात **मिति २०८० साल चैत्र १२ गतेभित्र** बिक्री प्रबन्धक **श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौंमा** आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसीलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शीलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ।

| क्र.सं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान : |
|---|---|
| १. | श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं । |

तपसील

| क्र.सं. | कम्पनीको नाम | बिक्री गर्न चाहेको जम्मा कित्ता | न्यूनतम मूल्य (रु.) | न्यूनतम आवेदन दिनुपर्ने कित्ता |
|---|---|---|---|---|
| १. | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ६,५०,००० | २८०।- | ६,५०,००० |

<u>शर्तहरु:</u>

१. माथि उल्लेखित कम्पनीको शेयर खरीदका लागि योग्य इच्छुक नेपाल पुनर्बीमा कम्पनी लिमिटेडका विद्यमान संस्थापक शेयरधनीहरु मात्र सहभागी हुन सक्ने छन्।

२. बोलपत्र आवेदन फारम ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौंबाट रु.५००।- (अक्षरेपी पाँच सय मात्र) नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ।

३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

४. शेयर खरीदको लागि बोलकबोल गर्दा सम्पूर्ण कित्ता शेयरका लागि आवेदन दिनु पर्नेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर संख्या जोड्दा सम्बन्धित नियमनकारी निकायले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम सीमा भन्दा बढी नहुने गरी आवेदक स्वयंले यकिन गरी आवेदन पेश गर्नु पर्नेछ।

५. **नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको माथि उल्लेखित संस्थापक शेयर बिक्रीको लागि न्यूनतम मूल्य प्रति शेयर रु.२८०।- (अक्षरेपी दुइ सय असी मात्र) तोकिएको हुँदा उक्त मूल्य र न्यूनतम आवेदन दिनुपर्ने कित्ता भन्दा कम हुनेगरी पेश गरेको बोलपत्र स्वत: रद्द हुनेछ ।**

६. शिलबन्दी खाम बाहिर **"नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिलबन्दी बोलपत्रमा लाहाछाप लगाएको हुनुपर्ने छ।

७. बोलपत्र पेश गर्नको लागि यो सूचना प्रकाशित भएको मिति २०८०/१०/२८ गते पश्चात् नेपाल पुनर्बीमा कम्पनी लिमिटेडबाट घोषणा हुने हकप्रद शेयर, बोनश शेयर तथा नगद लाभांश स्वीकृत बोलपत्रकर्ताले प्राप्त गर्ने छन्।

८. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको १००% (शतप्रतिशत्) रकम Earnest Money को रुपमा ग्लोबल आइएमई क्यापिटल लिमिटेडको नाममा तल उल्लेख गरे बमोजिमको बैंक खातामा जम्मा गरेको सक्कल नगद भौचर वा एकाउन्टपेयी चेकको माध्यमबाट आवेदन गर्नेको हकमा ग्लोबल आइएमई क्यापिटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment Cheque वा IPS मार्फत भुक्तानी गरेको निस्सा संलग्न गर्नुपर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ। साथै Good For Payment Cheque बुझाउनुहुने बोलपत्रवालाहरुले चेक क्लियरिङ्ग शुल्क बापतको रकम स्वयंले व्यहोर्नु पर्नेछ।

| क्र.सं. | बैंक | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लिमिटेड, कान्तिपथ काठमाण्डौं | Global IME Capital Limited | ००१०१०१०००५८१३ |

९. **शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले सम्बन्धित नियामक निकायबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test को मापदण्ड सम्बन्धी विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।**

१०. शेयर खरीद गर्न इच्छुक बोलपत्रदाताले एउटै वा फरक दर रेटमा एक वा एक भन्दा बढी बोलपत्र पेश गर्न सक्नेछन्।

११. **संस्थापक शेयर खरीदकर्ता छनौट गर्दा नियामक निकायले तोकेको योग्यता तथा Fit & Proper Test सम्बन्धी मापदण्डहरु पुरा गर्नु पर्ने व्यवस्था भएको हुनाले उपयुक्त बोलपत्रवाला (खरीदकर्ता) छनौट गर्ने अन्तिम निर्णय नियामक निकाय वा सम्बन्धित बीमा कम्पनीबाट हुनेछ ।**

१२. बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१२/१२ गते बैकिङ्ग समय भित्र ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौंमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाधिआएको बोलपत्रलाई मान्यता दिइने छैन।

१३. प्राप्त बोलपत्रहरु २०८०/१२/१३ गते बिहान ९:३० बजे श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौंमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ। बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको बिहान ९:३० बजे खोलिनेछ।

१४. **कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको सञ्चालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलालकोमा ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदि संलग्न गर्नुपर्नेछ ।**

१५. स्वीकृत आवेदकलाई बाँडफाँट गरेको ३ (तीन) कार्य दिन पछि बाँडफाँटमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तर गरिने छ।

१६. **बाँडफाँटमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरीद कारोबार तथा नामसारी गरिनेछ । कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन । शेयर खरीद कारोबार तथा नामसारी गर्दा तिर्नु बुझाउनु पर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क बोलपत्रवाला स्वयंले व्यहोर्नु पर्नेछ ।**

१७. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले ग्लोबल आइएमई क्यापिटल लि. नक्साल, काठमाण्डौं वा ग्लोबल आइएमई बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारीक निक्षेप सदस्यकोमा सम्पर्क गरी हितग्राही खाता खोल्न सक्नुहुनेछ।

१८. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website:www.globalimecapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुनेछ।

**बिक्री प्रबन्धक:**


Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US
**ग्लोबल आइएमई क्यापिटल लि.**
पोष्ट बक्स नं. २१५९९, वडा नं. १ लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोन नं. ९७७-०१-५९७०१३८, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com